# लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०८०/०८/२५


**भाग -२**

**लालीगुराँस नगरपालिका, तेह्रथुम**

## बसन्तपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८०

नगर कार्यपालिकाबाट पारित मितिः २०८०।०८।१९

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८०।०८।२०

**प्रस्तावनाः** नेपालको संविधानद्वारा स्थानीय तहका लागि प्रदत्त आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी एकल अधिकार तथा सोको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (झ) को उपखण्ड (३) मा अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था भएको काम, कर्तव्य र अधिकारलाई नगरपालिका क्षेत्रभित्र तत्काल कार्यान्वयनमा लैजान एवम् निर्माणाधीन पन्ध्र शैयाको आधारभूत अस्पताल प्रचलित कानून बमोजिम सञ्चालनमा नआउञ्जेसम्म नगरपालिकाको स्वामित्वमा अस्पताल स्थापना गरी चिकित्सा र अन्य स्वास्थ्य सेवा चौविसै घण्टा आम लालीगुराँसबासीलाई उपलब्ध गराउन वाञ्छनीय भएकाले, लालीगुराँस नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८०।०८।१९ गते बसेको लालीगुराँस नगर कार्यपालिकाको बैठकले यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम “बसन्तपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८०” रहेको छ।

(२) यो नियमावली लालीगुराँस राजपत्रमा प्रकाशित भएपछिलालीगुराँस नगरपालिका क्षेत्रभर लागू हुनेछ।

२. **<u>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-</u>**

(क) “अध्यक्ष” भन्नाले नियम (४) बमोजिम गठन हुने समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) “अस्पताल” भन्नाले लालीगुराँस नगरपालिका २ नं. वडा, बसन्तपुर, तेह्रथुममा नगरपालिकाद्वारा स्थापित पाँच शैया क्षमताको बसन्तपुर आधारभूत अस्पताललाई सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले नियम (४) बमोजिम गठन हुने समितिको उपाध्यक्षलाई सम्झनु पर्छ।

(घ) “कार्यपालिका” भन्नाले लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) “कार्यालय” भन्नाले लालीगुराँस नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर, तेह्रथुमलाई सम्झनु पर्छ।

(च) “कार्यविधि” भन्नाले लालीगुराँस नगर कार्यपालिकाबाट स्वीकृत लालीगुराँस नगरपालिकामा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधिलाई सम्झनु पर्छ।

(छ) “कोष” भन्नाले यस नियमावलीको नियम १० मा व्यवस्था भए बमोजिमको कोष सम्झनु पर्छ।

(ज) "नगर प्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमका नगर प्रमुखलाई सम्झनु पर्छ।

(झ) "नगर उपप्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमका नगर उपप्रमुखलाई सम्झनु पर्छ।

(ञ) “मापदण्ड” भन्नाले लालीगुराँस नगर कार्यपालिकाद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका वा कर्मचारीलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने मापदण्डलाई सम्झनु पर्छ।

(ट) “नियमावली” भन्नाले बसन्तपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० लाई सम्झनु पर्छ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले यस नियमावलीको नियम ४ मा व्यवस्था भएको बसन्तपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ढ) "स्वास्थ्य शाखा" भन्नाले लालीगुराँस नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखालाई सम्झनु पर्छ।

३. **प्राथमिक स्वास्थ्य केन्द्र, बसन्तपुरलाई आधारभूत अस्पतालमा स्तरोन्नति गरी सेवा प्रवाह गरिने:** (१) प्राथमिक स्वास्थ्य केन्द्र, बसन्तपुरलाई पाँच शैयाको अस्पतालमा स्तरोन्नति गरी सोही अस्पतालबाट आधारभूत प्रकृतिका उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

(२) प्राथमिक स्वास्थ्य केन्द्र, बसन्तपुरमा कार्यरत स्थायी, करार तथा ज्यालादारी सेवामा कार्यरत स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरु आधारभूत अस्पताल सञ्चालन गर्न स्वीकृत हुने मिल्दो दरबन्दीमा तत्कालका लागि व्यवस्थापन गरिनेछ।

४. **समितिको गठन:** (१) अस्पतालले उपलब्ध गराउने चिकित्सा र अन्य सेवा अभिवृद्धि गर्दै अस्पतालको सेवा विस्तार र सुदृढ गर्न एक समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर उपप्रमुख -उपाध्यक्ष

(ग) नगरपालिकाका २ नं. वडाका वडा अध्यक्ष -सदस्य

(घ) नगर प्रमुखबाट मनोनित नगरपालिका क्षेत्रभित्रका लब्धप्रतिष्ठित समाजसेवी व्यक्तित्वहरुमध्ये कम्तीमा एकजना महिला सहित तीनजना -सदस्य

(ङ) अस्पतालमा कार्यरत वरिष्ठतम स्वास्थ्यकर्मी एकजना -सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

(३) उपनियम (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यको पदावधि दुई आर्थिक वर्षभर हुनेछ।

(४) समितिले सम्बन्धित विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) उपनियम (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यले समितिको नियमित बैठकमा लगातार तीन पटकसम्म विना जानकारी अनुपस्थित

भएमा वा आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी कार्यपालिका समक्ष सिफारिस गरेमा त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाई अर्को व्यक्तिलाई नगर प्रमुखले सदस्य पदमा मनोनयन गर्न सक्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** यस नियमावलीको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) समितिको आय र व्यय सहितको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) अस्पतालको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मतसम्भार गर्ने,

(घ) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोतसाधनको पहिचान तथा खोजी गर्ने र सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने,

(ङ) वहिरंग तथा अन्तरंग चिकित्सा सेवा, प्रयोगशाला, रेडियोग्राफी, फार्मेसी, आँखा उपचार, नागरिक आरोग्य स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा उपलब्ध गराए वापत् शुल्क निर्धारण गर्ने,

(च) नगरपालिका क्षेत्रभित्रका नागरिकलाई उपलब्ध गराइने आधारभूत स्वास्थ्य सेवाको प्रवर्द्धनमा आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) अस्पतालमा भए गरेका कार्यको समीक्षा गर्ने र आवश्यक निर्णय लिने,

(ज) सामुदायिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न आफ्नै स्वामित्वमा फार्मेसी सेवा सञ्चालनमा ल्याउने, विशेषज्ञ ओपिडि सेवा सञ्चालनमा ल्याउने,

(झ) अस्पताल सञ्चालन र व्यवस्थापन सम्बन्धमा नगर सभा एवम् कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने।

६. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बैठकको कार्यसूची सहित समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) अस्पतालको रेखदेख र नियन्त्रण गर्ने,

(ग) समितिको वार्षिक बजेट तयार गर्न लगाई समिति समक्ष स्वीकृतीका लागि पेश गर्ने,

(घ) अस्पतालको विकास, विस्तार एवम् नेतृत्वदायी भूमिका खेल्न सदैव क्रियाशील रहने,

(ङ) नगर सभा, कार्यपालिका र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने।

७. **समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको वार्षिक बजेटको मस्यौदा तयार गरी अध्यक्ष समक्ष पेश गर्ने,

(घ) अध्यक्षसँग परामर्श गरी बैठकको विषय तयार गरी बैठक बोलाउने,

(ङ) अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको विदा तथा काज स्वीकृती गर्ने,

(च) दैनिक प्रशासनिक कार्य गर्ने, गराउने,

(छ) समिति तथा अध्यक्षले प्रत्यायोजन गरेका अन्य काम गर्ने, गराउने।

८. **स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः** यस नियमावलीको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालको चल अचल सम्पूर्ण सम्पत्तिको रेखदेख र जिम्मा लिने तथा सो कार्यका लागि अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई खटनपटन गर्ने,

(ख) अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी लगायतका जनशक्तिको ड्युटी तालिका तयार गरी सो बमोजिम खटनपटन गर्ने,

(ग) अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी लगायतका जनशक्तिको विदा तथा काज र सेवा सुविधाको सिफारिस गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(घ) अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य सेवाको निरन्तर अनुगमन गरी सोको प्रतिवेदन अध्यक्ष र सदस्य सचिवलाई पेश गर्ने,

(ङ) समिति र अस्पतालसँग सम्बन्धित सम्पूर्ण सरकारी कागजात सुरक्षितसाथ जिम्मा राख्ने,

(च) नगरपालिकाको तर्फबाट अस्पतालको फोकल पर्सनको रुपमा कार्य गर्ने,

(छ) समिति, अध्यक्ष र सदस्य सचिवले तोके बमोजिमका अन्य कार्य गर्ने।

९. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक महिनामा कम्तीमा दुई महिनामा एकपटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौविस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका उपाध्यक्षले अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकको निर्णय सर्वसम्मतीमा हुनेछ। सर्वसम्मतीमा निर्णय हुन नसकेमा अध्यक्ष सहितको बहुमतका आधारमा समितिको निर्णय हुनेछ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१०. <u>अस्पतालको संगठन संरचना र दरबन्दी तेरिज सम्बन्धी व्यवस्थाः</u>** (१) अस्तपालमा अनुसूची १ मा व्यवस्था भए बमोजिमको संगठन संरचना र अनुसूची २ मा व्यवस्था भए बमोजिमको दरबन्दी तेरिज रहनेछ।

(२) उपनियम (१) बमोजिमको दरबन्दीभित्रको सेवा/समुहसँग मिल्दो स्वास्थ्यकर्मीको व्यवस्थापन नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा स्थायी तथा करार सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुबाट अस्पतालमा कामकाज गर्ने गरी कार्यालयले खटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको दरबन्दीभत्रिको सेवा/समुहसँग मिल्दो स्वास्थ्यकर्मीको नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा अभाव रहेमा त्यस्ता पदको स्वास्थ्यकर्मीको व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिम करार सेवामा हुनेछ।

(४) अनुसूची १ मा व्यवस्था भएको करार दरबन्दीभित्रका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको तलब/भत्ता र सेवा सुविधा अस्पतालको क्षमताले नभ्याउञ्जेलसम्म स्वीकृत बजेट शीर्षकबाट कार्यालयले व्योहोर्नेछ।

**११. <u>समितिको कोषः</u>** (१) समितिको नाममा एउटै छुट्टै कोष रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छः

(क) नेपाल सरकारबाट अस्तपाललाई प्राप्त हुने रकम,

(ख) प्रदेश सरकारबाट अस्पताललाई प्राप्त हुने रकम,

(ग) अस्पतालले प्रदान गरेको सेवा वापत् प्राप्त हुने रकम,

(घ) नगरपालिकाबाट अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त हुने रकम,

(ङ) स्वदेशी तथा विदेशी संघ/संस्था वा व्यक्तिबाट प्राप्त हुने दान, दातव्य, चन्दा वा अन्य कुनै रकम,

(च) अन्य स्रोतबाट प्राप्त हुने रकम।

(३) समितिले उपनियम (२) को खण्ड (ङ) र (च) बमोजिमको रकम प्राप्त हुनु अघि कार्यपालिकाको स्वीकृती लिनु पर्नेछ।

(४) समितिले कोषमा रहेको रकम नगरपालिकाको विविध खर्च खातामा जम्मा गरी सोही कोष मार्फत् खर्च गर्नेछ।

(५) अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यका लागि कोषमा भएको रकम खर्च गर्न सकिनेछ।

(६) समितिको कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखा समुह तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

**१२. <u>सम्बन्धित कार्यको लागि मात्र रकम खर्च गर्नुपर्नेः</u>** नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिका बाट समितिलाई प्राप्त हुने रकम जुन कार्यका लागि प्राप्त हुने हो सोही कार्यका लागि मात्र खर्च गर्नु पर्नेछ।

**१३. <u>लेखा र लेखापरीक्षणः</u>** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ।

(२) समितिले आफ्नो सेवा प्रवाह र आय व्ययको वार्षिक रुपमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

(३) समितिको आन्तरिक लेखा परीक्षण कार्यालयले तोके बमोजिम हुनेछ।

(४) समितिको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

१४. **समितिका पदाधिकारीको बैठक भत्ता:** (१) समितिका पदाधिकारीले बैठकमा भाग लिए वापत् प्रति बैठक एक हजार रुपैंया बैठक भत्ता समितिको कोषबाट उपलब्ध गराइने र निर्देशिका बमोजिम खाना तथा खाजाको व्यवस्था गराइनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठकमा भाग लिए वापत् वर्षभरीमा अधिकतम अठार वटा बैठकको मात्र बैठक भत्ता उपलब्ध गराइनेछ।

(३) वर्षभरीमा अठारवटा भन्दा बढी समितिको बैठक बसेमा समितिले मापदण्ड बमोजिम खाना तथा खाजाको व्यवस्था भने गराउन सक्नेछ।

१५. **प्रोत्साहन भत्ता तथा अन्य सेवा/सुविधा उपलब्ध गराइने:** (१) अस्पतालको स्वीकृत दरबन्दीभित्रका मेडिकल अधिकृतलाई नेपाल सरकारले तोकेको न्युनतम मासिक तलब, भत्ता, सेवा/सुविधाका अतिरिक्त नगरपालिकाको तर्फबाट करार सम्झौतामा उल्लेख गरी प्रति महिना मासिक न्युनतम बीस हजार रुपैंयादेखि अधिकतम चालीस हजार रुपैंया रकमसम्म प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउन सकिनेछ।

(२) समितिले स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही कोषमा उपलब्ध रकमबाट अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई मापदण्ड बमोजिम थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

१६. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:** (१) समितिले वर्षभरीमा सम्पादन गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको मितिले एक महिनाभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) कार्यपालिकाले उपनियम (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन उपर छलफल गरी सार्वजनिक गर्नु पर्नेछ।

१७. **निर्देशन पालना गर्नुपर्ने:** सभा वा कार्यपालिका दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१८. **कार्यपालिकासँग सम्पर्क:** समितिले कार्यपालिकासँग सम्पर्क राख्दा नगर प्रमुख मार्फत् मात्र राख्नु पर्नेछ।

१९. **सङ्घीय तथा प्रादेशिक कानून लागू हुने:** आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानूनले निर्दिष्ट गरेमा अस्पताल सञ्चालन तथा व्यवस्थापनमा सोही कानून लागू हुनेछ।

२०. **कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्ने:** (१) यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अस्पतालबाट उपलब्ध हुने सेवा

सुविधालाई थप व्यवस्थित बनाउन कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्यविधिको पालना गर्नु समिति र अस्पतालको कर्तव्य हुनेछ।

२१. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस नियमावलीमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै वाधा/अड्काउ आइपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।


२२. **<u>यसै नियमावली बमोजिम भए गरेको मानिनेः</u>** प्राथमिक स्वास्थ्य केन्द्र, बसन्तपुर सञ्चालन सम्बन्धमा यस अघि भए गरेका निर्णय एवम् कार्यहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

# <u>अनुसूची १</u>

## (नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## लालीगुराँस नगरपालिका

## बसन्तपुर अस्पताल, बसन्तपुर, तेह्रथुमको संगठन संरचना



# अनुसूची २

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## बसन्तपुर अस्पताल (पाँच शैया), बसन्तपुर, तेह्रथुममा रहने दरबन्दी

| सि.नं. | पद तथा तह | सेवा/समुह | दरबन्दी संख्या |
|---|---|---|---|
| **क. प्राथमिक स्वास्थ्य केन्द्र, बसन्तपुरको लागि स्वीकृत स्थायी दरबन्दी तर्फ-** | | | |
| १. | मेडिकल अधिकृत, अधिकृत आठौं तह # | स्वास्थ्य/ज.हे.स. | १ |
| २. | हे.अ./सिअहेव,स.पाँचौ/अधिकृत छैठौं/सातौं तह # | स्वास्थ्य/हे.इ. | १ |
| ३. | स्टाफ नर्स, स.पाँचौं/अधिकृत छैठौं/सातौं तह # | स्वास्थ्य/ज. नर्सिङ | १ |
| ४. | अहेव/सिअहेव, स.चौथो/स.पाँचौं/अधिकृत छैठौं # | स्वास्थ्य/हे.इ. | ३ |
| ५. | अनमि/सिअनमि, स.चौथो/स.पाँचौं/अधिकृत छैठौं # | स्वास्थ्य/क.नर्सिङ | ३ |
| ६. | ल्याब असिष्टेण्ट, सहायक चौथौ तह # | स्वास्थ्य/मे.ल्या.टे. | १ |
| ७. | कार्यालय सहयोगी # | प्रशासन/सा.प्र. | १ |
| **स्थायी दरबन्दी तर्फको जम्मा (क)** | | | **११** |
| **ख. करार तथा ज्यालादारी सेवामा रहने दरबन्दी तर्फ-** | | | |
| १. | ल्याब टेक्निसियन, सहायक पाँचौं तह * | स्वास्थ्य/मे.ल्या.टे. | १ |
| २. | रेडियोग्राफर, सहायक पाँचौं तह * | स्वास्थ्य/रेडियोग्राफी | १ |
| ३. | फार्मेसी सहायक, सहायक पाँचौं तह * | स्वास्थ्य/फार्मेसी | १ |
| ४. | अप्टिसियन, सहायक पाँचौं तह * | स्वास्थ्य/अप्थाल्मोलोजी | १ |
| ५. | ल्याब असिष्टेण्ट, सहायक चौथौ तह * | स्वास्थ्य/मे.ल्या.टे. | १ |
| ६. | सहायक कम्प्युटर अपरेटर, सहायक चौथो तह * | विविध/विविध | १ |

| | | | |
|---|---|---|---|
| ७. | चस्मा मर्मत सहायक, सहायक चौथो * | विविध | १ |
| ८. | कार्यालय सहयोगी * | प्रशासन/सा.प्र. | १ |
| ९. | स्वीपर * | | १ |
| १०. | नगर प्रहरी जवान (सुरक्षा गार्ड) * | | २ |
| **करार दरबन्दी तर्फको जम्मा (ख)** | | | **११** |
| **कुल जम्मा (स्थायी (क) + करार (ख))** | | | **२२** |
| **<u>द्रष्टव्यः</u>** # चिन्हले स्थायी र * चिन्हले करार तथा ज्यालादारीलाई जनाउनेछ | | | |

**आज्ञाले**

**सन्तोष घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**